स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



केही साताअघि बलिउडका तीन खान शाहरुख, सलमान र आमिर साउदी अरबको रियादमा आयोजित एक कार्यक्रममा एकसाथ सहभागी थिए। युट्युब स्टार मिस्टर बिस्टले यी तीन खानसँगको फोटो सेयर गर्दै सबैलाई आश्चर्यचकित तुल्याएका थिए। सोही क्रममा सलमानले पाकिस्तानभित्रको विवादित क्षेत्र बलोचिस्तानबारे टिप्पणी गरेका थिए। पाकिस्तानको अलग-अलग नाम लिएका थिए।

**आजको विचार...**



थोत्रा...
*(दुई पेजमा)*

डा. जगन कार्की



फ्लाइ नेपा ट्राभल्सले आयोजना गरेको 'अब सुन्छ अमेरिका' विवादित बनेको छ । कार्यक्रममा सहभागी हुन अमेरिका पुगेका कलाकारले एकपछि अर्को गरि कलाकारप्रति आयोजकको व्यवहारलाई लिएर आपत्ति जनाएका छन् । उक्त सांगीतिक भ्रमणको लागि अमेरिका पुगेकी गायिका कला लम्साल बीचमै फर्किएकी थिइन् । बिरामी भएर उपचार गराउनुपर्ने ठाउँमा आयोजकले सामान्य मानवीय प्रवृत्ति पनि नदेखाएको भन्दै लम्सालले त्यतिबेला फेसबुकमार्फत विरोध गरेकी थिइन् ।

❒ वर्ष ३१ अंक ९१ ❒ २०८२ कात्तिक १२ गते बुधबार 29 october 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### जापानमा भालुको आक्रमणबाट १० को मृत्यु

(रासस/सिन्ह्वा)

**टोकियो,** कात्तिक ११/जापानमा आर्थिक वर्ष सन् २०२५ मा भालु आक्रमणका कारण मृत्यु हुनेको सङ्ख्या दश जना पुगेको रेकर्ड गरिएको छ । पछिल्लो समयमा जापानमा भालुसँग सम्बन्धित घटनाहरूमा वृद्धि भएको वातावरण मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षमा अहिलेसम्म भालु आक्रमणमा एक सय भन्दा बढी मानिसहरु परेका छन् । भालु आक्रमणका कारण मृत्यु हुनेको सङ्ख्या आर्थिक बर्ष सन् २००६ बाट रेकर्ड राख्न सुरु गरिएकोमा सबै भन्दा बढी पछिल्लो वर्षमा रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो घटना गत शुक्रबार उत्तरपूर्वी जापानको अकिता प्रान्तको एउटा गाउँमा भालुले ३८ वर्षीय व्यक्तिलाई आक्रमण गरी मारेको थियो अकिता प्रान्तमा बासिन्दाहरूलाई भालुको आक्रमणबाट मानिसहरुलाई जोगाउन सेनाको सहयोगको आह्वानसमेत गरिएको छ । आक्रमणको अवस्था प्रान्तीय तथा स्थानिय सरकारले नियन्त्रण गर्न नसक्ने स्थितीमा पुगेको गभर्नर केन्टा सुजुकीले सामाजिक सञ्जाल मार्फत जनाएका छन् । आक्रमणको अवस्था प्रान्तीय तथा स्थानिय सरकारले नियन्त्रण गर्न नसक्ने स्थितीमा पुगेको गभर्नर केन्टा सुजुकीले सामाजिक सञ्जाल मार्फत जनाउनु भएको छ । छिमेकी प्रान्त इवाटेमा अप्रिल देखि ३० जना भन्दा बढी मानिसहरु भालु आक्रमणमा परेको जनाएको छ ।

# मौसम पूर्वानुमान : विहीबारसम्म भारी हिमपात र वर्षा

हाम्रा संवाददाता

**पाल्पा,** कार्तिक ११/हाल पश्चिमी वायुका साथै अरब सागरमा बनेको न्यून चापीय प्रणालीको प्रभावले नेपालका धेरैजसो ठाउँको मौसममा बदली देखिएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार मंगलबारदेखि पहाडी र तराई भू-भागमा हल्कादेखि मध्यम वर्षा र हिमाली क्षेत्रमा हल्कादेखि मध्यम हिमपात भइरहेको छ ।

गण्डकी प्रदेशको मनाङ र मुस्ताङआसपासको हिमाली क्षेत्रमा भने मध्यमदेखि भारी हिमपात पनि भइरहेको छ । यो क्रम विहीबार सम्म रहने मौसम विभागको पूर्वनुमान रहेको छ । मंगलबार दिउँसो देशभर वर्षा भएको छ । गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका केही स्थानहरूमा, बाँकी प्रदेशका पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा मध्यम हिमपात/वर्षा तथा बाँकी तराईका एक-दुई स्थानमा हल्का वर्षा भएको मौसम विभागल जनाएको छ । बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा भारी हिमपात वर्षाको पनि सम्भावना




रहेको छ । यस्तै बुधबार आज दिउँसो कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश लगायत बाँकी पहाडी भू-भागमा साधारणतया बदली रही तराई भू-भागमा आंशिक बदली रहने छ । कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको छ । राती देशभर आंशिक बदली बदली रहने छ । कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशको पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको छ । यस्तै बिहीबार दिउँसो: कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश लगायत बाँकी पहाडी भू-भागमा भू-भागमा साधारणतया बदली रही तराई भू-भागमा आंशिक बदली रहने छ । कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेशका केही स्थानहरूमा, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा मध्यम वर्षाको सम्भावना रहेको छ । कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ । कोशी प्रदेश र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा तथा गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा मध्यम हिमपातको सम्भावना रहेको छ । राति भने कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश लगायत बाँकी पहाडी भू-भागमा भू-भागमा साधारणतया बदली रही तराई भू-भागमा आंशिक बदली रहने छ । कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेशका धेरै स्थानहरूमा, गण्डकी प्रदेशका केही स्थानरू तथा लुम्बिनी प्रदेशका थोरै स्थानहरुमा मध्यम वर्षा तथा बाँकी पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ । कोशी प्रदेश र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा तथा गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा तथा बाँकी उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा मध्यम हिमपातको सम्भावना रहेको छ । कोशी प्रदेश र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक/दुई स्थानमा भारी हिमपातको साथै मधेश र बागमती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ । बंगालको खाडीमा बनेको चक्रवाती आँधी 'मोन्था' को प्रभाव नेपालमा पनि देखिन सक्ने मौसमविद्हरूले बताएका छन् । पछिल्लो ६ घण्टामा 'मोन्था' चक्रवाती आँधीमा बदलिएको छ । भारतीय मौसम विभागले मोन्थाले भीषण रूप लिन सक्ने भन्दै रेड अलर्ट जारी गरेको छ ।

**सतर्क रहन आग्रह**

नेपाल पर्यटन बोर्डले आगामी केही दिन उच्च हिमाली तथा पहाडी क्षेत्रमा यात्रा गर्ने पर्वतारोहण, ट्रेकिङ टोली तथा घरेलु र अन्तर्राष्ट्रिय पर्यटकलाई सतर्क रहन आग्रह गरेको छ । बोर्डले पर्वतारोहण र ट्रेकिङ समूहहरूले स्थानीय प्रशासन र गाइडसँग समन्वय गरी सुरक्षालाई प्राथमिकतामा राख्न अनुरोध गरेको छ । त्यस्तै ट्रेकिङ मार्गमा रहेका पर्यटकहरूले मौसम सुधार नहुँदासम्म सुरक्षित आश्रयस्थलमा बस्न र कुनै कठिनाइ भएमा तुरुन्त स्थानीय प्रशासन वा पर्यटक प्रहरीलाई सम्पर्क गर्न भनेको छ । प्रभावित क्षेत्रमा रहेका होमस्टे, होटल र रिसोर्ट सञ्चालकहरूले पाहुनाको सुरक्षाको ख्याल राख्दै आवश्यक आश्रय र सहुलियत उचित मूल्यमा उपलब्ध गराउन बोर्डले अनुरोध गरेको छ ।

## बस दुर्घटनामा एकको मृत्यु




**तनहुँ,** कात्तिक ११/तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटमा मंगलबार माइक्रो बस दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

चितवनबाट लमजुङतर्फ जाँदै गरेको बा.प्र.०३-००१ ज ०९३७ नम्बरको बस पृथ्वीराजमार्ग सडकअन्तर्गत एक्लेफाँटमा दुर्घटना हुँदा चितवनको भरतपुर महानगरपालिका-१६ निवासी ५५ वर्षीया बुधमाया तामाङको मृत्यु भएको हो । दुर्घटनामा परी टाउकामा गम्भीर चोट लागेकी ती महिलाको उपचारका क्रममा आँबुखैरेनी अस्पतालमा मृत्यु भएको चितवन प्रहरीले जनाएको छ । बसमा १४ जना सवार थिए ।

बसका चालकले नियन्त्रण गुमाई सडक छेउको भित्तामा ठक्कर खाई सडक छेउमा रोकिराखेको नेपाल विद्युत् प्राधिकरणको बा १ञ १२८७ नम्बरको सवारी साधनको पछाडि ठोकिन जाँदा उक्त दुर्घटना भएको हो ।

## किबीखेतीप्रति गुल्मीका किसानको बढ्दो आकर्षण

**गुल्मी,** कात्तिक ११/गुल्मीको सत्यवती गाउँपालिका-८ भार्सेका ५६ वर्षे यमबहादुर थापा यतिबेला व्यावसायिक रुपमा किबीखेती गरेर राम्रो आम्दानी गर्न थालेका छन् । परम्परागत रुपमा मकै र कोदो मात्र खेती गरिँदै आएका उनको बारीमा किबीका बोट देख्न सकिन्छ । उनले किबी खेतीबाट मात्रै वार्षिक रु छ लाखभन्दा बढी आम्दानी गर्दै आएको बताए ।

सत्यवती गाउँपालिका-८ मा वडा सदस्य समेत रहेका थापाले विगत ११ वर्षअघि व्यावसायिक रुपमा किबीखेती गर्न सुरु गरेका हुन् । उनले हाल आठ रोपनीमा यलिसन, हेवार्ड, रेड, गोल्डेन, ब्रुनो र मोन्टी गरी छ वटा किबीका जात लगाएका छन् । जलवायु र भौगोलिक संरचनाका हिसाबले भार्से



किबीखेतीका लागि उपयुक्त ठाउँ मानिन्छ । उनले गत वर्ष किबी र बिरुवा गरी रु छ लाख आम्दानी गरेका थिए । अहिले गत वर्षको तुलनामा अझै राम्रो हुने अपेक्षा गरिएको थापाले बताए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## सतर्कता अपनाऔं

हाल देशका अधिकांश स्थानहरूमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । पश्चिमी वायुको साथै अरब सागरमा बनेको न्यूनचापीय प्रणालीको प्रभावले मुलुकका धेरैजसो ठाउँको मौसममा बदली देखिएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार अहिले पहाडी र तराई भू–भागमा हल्कादेखि मध्यम वर्षा र हिमाली क्षेत्रमा हल्कादेखि मध्यम हिमपात भइरहेको छ । गण्डकी प्रदेशको मनाङ र मुस्ताङआसपासको हिमाली क्षेत्रमा भने मध्यमदेखि भारी हिमपात पनि भइरहेको छ । जल तथा मौसम विज्ञान विभागले मंगलबार, बुधबार र विहीबारसम्म वर्षा हुने भएकाले सतर्कता अपनाउन आग्रह गरेको छ । ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्ने र कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा पनि आंशिक असर पर्ने सम्भावना रहेकाले सतर्कता अपनाउनुपर्ने देखिएको छ ।

मौसम विभागको आग्रहलाई सबैले मनन् गर्नै पर्छ । किन भने यस्तो बेलामा सडक, भासिने, माथिबाट ढुंगा खस्ने, पहिरो जाने जस्ता घटनाहरु घट्न सक्दछन् । वर्षाले निम्त्याउन सक्ने प्राकृतिक विपद् र समस्याप्रति अहिले नै सर्तक हुन आवश्यक छ । प्रकोप बाजा बजाएर आउँदैन र कुनै स्थान र क्षेत्र तोकेर आउँदैन । तर यसतर्फ पूर्व सतर्कता अपनाउन सकियो भने केही हदसम्म बच्न र बचाउन भने सकिन्छ । यस्तो अवस्थामा सरकारले प्राकृतिक प्रकोप न्यूनीकरणका उपायहरू कार्यान्वयन गर्न आवश्यक छ । प्राकृतिक प्रकोपको कुनै समय र सीमा हुँदैन तापनि विश्वमा समय–समयमा आउने भुइँचालो, तुफान, ज्वालामुखी, बाढीपहिरो, आँधीबेहेरी, अतिवृष्टि, अनावृष्टि र संक्रामक रोगहरूजस्ता प्रकोपहरूबाट बर्सेनि थुप्रैको संख्यामा जनधनको क्षति भएका र लाखौंको संख्यामा घरबारबीहिन र घाइते भएका घटनाहरू घटि नै रहेका छन् । प्राकृतिक प्रकोपले मानव जीवनलाई नै तहसनहस गर्ने गर्छ, जुन प्रकोपहरू आकस्मिक र भयंकर हुने गर्छन् । यसर्थ वर्षा सक्रिय रहेकाले त्यसबाट हुन सक्ने क्षतिका बारेमा पहिले नै उच्च सतर्कता अपनाउन जरुरी छ ।

### Opinion @ Social Network

हुदा नै कदर गर घुमाए सके पछि
मरेको मान्छे मात्र होइन
जिउदो मान्छे पनि फर्किएर आउदैन ।
*(रोशन कार्कीको **फेसबुक स्टाटसबाट** www.facebook.com/Roshan.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# थोत्रा दलको झोला बिसाउने उत्तम अवसर



**डा. जगन कार्की**

> *प्रविधिको विकाससँगै देश, जनता र युवामा आएको चेतनासँगै परम्परागत मानसिकता र शैलीले देश अघि बढ्न्ने अवस्था पटक्कै थिएन । जनतको असन्तुष्टिको चुली सामाजिक सर्त्जाल बन्दको मौकामा बिस्फोट भएको मात्र हो । विकसित लोकतान्त्रिक मुलुकको राजनीतिक अभ्यासमा सामान्य नेता हुन पनि कति नैतिकताको कसी चाहिन्छ ।*

नेपालमा भएको जेनजी आन्दोलनसँगै राजनीतिक दलका नेता र भातृसंस्थाका नेताहरु चेतना बढेको पाइन्छ । नागरिकहरुमा पनि अब जनताका मुद्दा र गुण-दोषका आधारमा विकसित लोकतन्त्रको अभ्यासलाई प्राथमिकता दिनुपर्ने बहस सुरु भएको देखिन्छ । सयौं घाइते हुनुका साथै ७६ जनाले ज्यान गुमाउनु र सिंहदरबार, संसद् भवनदेखि अदालत एवं सरकारी कार्यालयहरूमा आगजनी तथा तोडफोड हुने अवस्था देश नै सखाप बनाउने योजना जस्तो देखियो । २ दिनको आन्दोलनमा भएको आगजनी र लुटपाट हालसम्म नेतृत्वमा रहेकाहरूको सामूहिक असफलता त हो नै, प्रहरीको गुप्तचर र सेनाको गुप्तचरदेखि सम्पूर्ण राज्य संयन्त्र नै फेल भएको नमूना हो । राज्य संयन्त्र कति निरीह र ककम रहेछ भन्ने गतिलो पाठ पनि हो । गलत व्यक्ति र प्रवृतिलाई मलजल गर्नुको बिस्फोट हो । साथै, प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मलजल गर्ने हरेकको असफलता हो यो । यी तमाम घटनाबाट भ्रष्टाचार र कुशासनले आक्रान्त जनता र दलका सामान्य कार्यकर्तामा ठूलो मानसिक परिवर्तन आएको पाइन्छ । देशको यस्तो हरिबिजोग हुँदा पनि शीर्ष नेतृत्वले पद र सत्ताप्रति देखाएको आशक्ति, नातावाद र कृपावादको पराकास्टा हो- जेनजी आन्दोलन । प्रविधिको विकाससँगै देश, जनता र युवामा आएको चेतनासँगै परम्परागत मानसिकता र शैलीले देश अघि बढ्न्ने अवस्था पटक्कै थिएन । जनतको असन्तुष्टिको चुली सामाजिक सर्त्जाल बन्दको मौकामा बिस्फोट भएको मात्र हो । विकसित लोकतान्त्रिक मुलुकको राजनीतिक अभ्यासमा सामान्य नेता हुन पनि कति नैतिकताको कसी चाहिन्छ । चुनावमा टिकटदेखि नेतृत्वमा पुग्नसम्म हरेक कार्यकर्ताको मताधिकारका साथै आवश्यक न्यूनतम योग्यता क्षमताको स्पस्ट प्रमाण नभई कुनै ८ कक्षा पास नेतृत्वमा पुग्न नै कठिन छ । नेपालका दलहरुले अभ्यास गरेका गुट र ठुटे नेताको आशिर्वादविना दलको प्रतिनिधि, उम्मेदवार बन्न मुस्किल छ । कांग्रेस, एमालेमा त केही देखावटी अपवादबाहेक आम उम्मेदवारी नेताको निगाह र पैसामा हुने गरेका थिए ।

सन् २०१८ ताका गरेको एक अनुसन्धान अनुसार धेरैजसो विकासशील देशहरूमा राजनीतिक प्रतिस्पर्धाको स्वरूप विचारधारात्मक वा कार्यक्रममूलक प्रतिवद्धताभन्दा बढी दल र मतदाताबीच हुने गैर-कार्यक्रमात्मक लेनदेन हुने गरेका छन्, जस्तै- भोट किनबेच, पक्षपात र संरक्षणवाद । यो प्रवृतिले मतदादालाई ग्राहकका रुपमा चित्रण गरेको छ । हालका अध्ययनहरूले यस्ता लेनदेनमा मत आदान-प्रदान हुने प्रणालीहरूमा पनि बिस्तारै दलप्रतिको दृढ निष्ठा वा स्थायी रूपमा दलीय झोलाबाहकहरू विकास हुने गरेको तथ्य पुष्टि गरेको छ । यी तथ्य हाल कांग्रेस-एमाले पार्टीमा देखिएका कट्टर झोलाबाहक र दललाई धर्मजस्तै अपरिवर्तनीय रूपमा लिने कार्यकर्ताको अन्धसमर्थनले पुष्टि गर्दछ । जसमा कुनै समय दलमा लागेको हिसाबले लाभ लिएकाहरू व्यक्तिहरु बढ्दी देखिने गरेका छन् । रोचक कुरा के छ भने, विकासशील लोकतन्त्रमा दलीय कट्टरपन रहेको जनसंख्याको ढाँचा उन्नत लोकतन्त्रको ढाँचासँग मिल्दोजुल्दो पाइन्छ । यस्ता सन्दर्भमा दलीय कट्टरपनले मतदाताको रोजाइलाई स्थिर बनाउने, राजनीतिक तर्कलाई आकार दिने र निरन्तर मतदाताको व्यवहारलाई सुदृढ गर्ने कार्य गरेको कुरा हेथ र जिग्फेल्डको अध्ययनले देखाएको छ । यसले पुष्टि गर्छ कि राजनीतिक लेनदेनहरू प्राय: भौतिक प्रोत्साहनहरूमा आधारित भएता पनि भावनात्मक र संज्ञानात्मक सम्बन्धहरूले लोकतान्त्रिक सहभागितालाई अझ स्थायी बनाउन सक्छन् । तर, दलीय कट्टरपन र प्रलोभनमा भोट हाल्ने प्रथाको सहअस्तित्वले यस्तो निष्ठाको वास्तविक प्रेरणाबारे गम्भीर प्रश्न उठाउँछ । विभिन्न विद्वानहरुका अनुसार पार्टीगत निष्ठा प्राय: विचारधारात्मक विश्वासबाट होइन, बारम्बार हुने लेनदेन र नाफा घाटाको सम्बन्धबाट विकसित हुन्छ । उदाहरणका लागि, CalvoMurillo (२००४) ले देखाएअनुसार अर्जेन्टिनाको पेरोनिस्ट पार्टीले निरन्तर दलीय सोर्सफोर्सका अधारमा कार्यकर्तालाई जागिर र स्रोत साधन सुनिश्चित गरेर दीर्घकालीन मतदातामा निष्ठा कायम राख्न सफल भयो । त्यस्तै स्नाइडरले सन् २०२० मा गरेको एक अध्ययनले भारतको गाउँ स्तरको राजनीतिमा मतदाताहरूले गाउँ अध्यक्ष आफैंसँगैको पार्टीका भए निजी फाइदा प्राप्त हुने अपेक्षा राख्ने गरेको देखाएको छ । दक्षिण एशियाका नृविज्ञानसम्बन्धी अध्ययनहरूले पनि मतदाताको निष्ठा प्राय: पहुँच, प्रभाव, र भौतिक लाभप्रतिको धारणामा आधारित हुने देखाएका छन् । कमजोर संस्थागत संरचना, चरम जातीय विभाजन र अनौपचारिक राजनीतिक अभ्यास विद्यमान भएका सन्दर्भहरूमा अध्ययनहरूले देखाएअनुसार, चुनावी लेनदेनका सम्बन्धहरूले पार्टीगत पहिचानलाई अझ बलियो बनाउने सम्भावना रहेको अर्को अध्ययनले देखाएको छ । विभिन्न अध्ययन अनुसार समष्टिगत रूपमा विकासशील लोकतन्त्रहरूमा दलीय कट्टरपना विचारधारात्मक एकरूपताको अभिव्यक्तिभन्दा बढी यस्तो राजनीतिक प्रणालीको व्यावहारिक अनुकूलन हो, जहाँ नागरिक र राज्यबीचको सम्बन्ध ठोस लाभको आदान प्रदानमा आधारित हुन्छ । नेपालका दलहरुको अभ्यास अनुसार गुट र ठुटे नेताको आशिर्वादविना दलको प्रतिनिधि वा उम्मेदवार बन्न मुस्किल छ । कांग्रेस, एमालेमा त केही देखावटी अपवादबाहेक आम उम्मेदवारी बिक्रीमा हुने गरेका छन् । मालदार नियुक्ति, संवैधानिक पददेखि राजदूतसम्म बेचिन थालिउका यावत अभ्यास लेनदेन र सट्टावाजीको राजनीतिमा आधारित छन् । पछिल्लो अवस्थामा शिक्षा, चेतना र रेमिट्यान्समा आधारित आर्थिक निर्भरता राजनीतिले मतदातासँग गर्ने बजार व्यवस्थामा फेरिएको छ । मानिसहरु लोभमा परेर नेतासँगै सती जान छोडे । २०४६ साल वरिपरि जन्मिएको पुस्ताले ३५-४० वर्ष पुगेर सचेत र गुणात्मक परिवर्तनको चाह राख्न थाले । राजनीतिक बजारको हिसाब-किताब बिग्रिन थालेर हालको जेनजी बिङ्गोहले यो परिदृश्य बिस्फोटको अवस्थासम्म आइपुगेको हो । एक देशभक्त नागरिकले फट्लानो दल फट्लानो नेता भानेर कुल देवता थपना गरनु, देशप्रति धोका हो । अब देशमा द्वन्द्व र हिंसा अन्त्य गरी सबैमा सद्भाव, विवेक र सहअस्थित्व कायम गर्दै नवनिर्माण, विकास र प्रगतिपथमा लम्किने सामुहिक चेत तथा संस्कार विकास हुन जरूरी देखिन्छ । संरचना खरानी भए पनि हाम्रो सकारात्मक सोच, सामुहिक प्रयास र विषम परिस्थितिमा एकता नडमगाओस् । मेरा बाजे, बाऊ फट्लानो पार्टीमा थिए, म पनि यो पार्टी आजीवन छोडट्दिनँ भन्ने हठले ओली-देउवा जस्ता शासकले जरा गाडट्ने स्थान पाएका थिए । बाउ बाजेको समयअनुसार स्वतन्त्रता र लोकतन्त्रका लागि लडेका दल र नेता त्योबेला उपयुक्त रहे पनि अहिले समय सान्दर्भिक नरहेको हालको बिस्फोटले देखाइसकेको छ । यसर्थ, सक्षम नेता र उम्मेदवारलाई खोजीखोजी मतदान गर्ने बेला आएको छ । वि.सं.२०४६ पछि शासन सत्तामा आएका राजनीतिकर्मी आफैं अभिजात वर्गमा परिणत भए । ०६३-०७३ पछि उदाएका कम्युनिस्ट क्रातिकारीहरू यसरी नै नवसामन्तमा रूपान्तरण भए । लोकतन्त्रको छहारीमा युवा र मध्यम वर्गले ओत नपाएर वैदेशिक रोजगारी र पलायनको बाध्यात्मक परिस्थिति सिर्जना भएको हो । हालयस्तो परिस्थिति बनेको छ कि आम मानिसमा नेताको अविश्वसनीयता र राजनीतिको चरम भ्रष्टीकरणले केही देला, होला भन्ने आश मरेको छ । विशेष गरेर स्थापित भनिएका दलहरूका सन्दर्भमा । लोकतन्त्रमा एक दल या एक नेतामात्रै गतिलो भएर हुन्न । सबै दलहरु सुनिपर्छ । साथै नागरिक चेतनाको विकास नभइ दिगो विकास र समृद्धि सम्भव छैन । सबैले नयाँ पुस्ता र समयको मागलाई अद्रीकार गर्न तयार नभइ यी तमाम सुधार सम्भव देखिँदैन । यसर्थ, थोत्रा राजनीतिक दलका झोला बिसाउने उत्तम अवसर यही हो । अगाडिको बाटो बालेन, हर्क, गोपी हमालहरुमा गरिएको प्रयोग सफल भएको संसदीय व्यवस्थामा एकाध स्वतन्त्रले जितेर सरकार बन्दैन । यसपालि नयाँ दल भनेर व्यक्तिलाई हिरो बनाएर आए सफल नहुने अनि वैकल्पिक भन्ने राजनीतिक चरित्र नभएकाबाट पनि नहुने देखियो । पुराना दलहरु कांग्रेस, एमाले, राप्रपाका पुराना नेताहरुका कारणले गर्दा यी दलहरुको जमानत जफत हुने निश्चित प्राय: देखिएको छ ।

पुराना दलका पुराना नेता मात्र हैन, हाल कायम नेतृत्वमा दलहरु चुनावमा गए दलमा रहेका युवा र आश लाग्दा नेताहरु सबैको जमानत जफत हुने देखिएको छ । कांग्रेस, एमाले र माओवादीमा तात्विक भिन्नता रहेन । विशेष गरेर २०७२ को संबिधान बनेर नयाँ अवस्था स्वीकार गरेका यी दलहरु कोरा सैद्दान्तिक रुपमा जे-जे जामा लगाएर छुट्टै दल भएको नाटक गरे पनि व्यवहारिक र चरित्रमा अब फरक रहेनन् । यो अवस्थामा नेपालमा एउटा गतिलो सामाजिक लोकतान्त्रिक धारको गतिलो नयाँ दल उदाए पुराना दलका गतिला नेता-कार्यकर्ताहरु एक ठाउँमा उभिने जमिन तयार हुन सक्ने देखिन्छ । नयाँ बन्ने वैकल्पिक राजनीतिमा नयाँ परीक्षित नभएका र राजनीतिक चरित्र नसिकेका व्यक्तिहरु आउने हुँदा त्यसले मात्र देशको राष्ट्रिय तथा अन्तर्रास्ट्रिय मुद्दाहरुलाई बोक्न कठिन देखिन्छ । बेलाबेला नयाँ बनेर आएका माओवादी, मधेसी फोरम, साझा, विवेकशील र नयाँ शक्तिदेखि रास्वपासम्मको प्रयोगले यो पुष्टि गरेको छ । यो अवस्थामा हाल पुराना पार्टीका सम्भावना भएका जुझारु युवाहरु, विवेकशील, नयाँ शक्ति, जेनजी अभियानमा उदाएको शक्ति, बालेन शाह, सुमना श्रेष्ठ र कुलमानदेखि महावीर पुनसम्म अटाउने एउटा नयाँ राजनीतिक शक्ति निर्माण हुन सके नेपालले खोजेको परिवर्तनका लागि एउटा कोशेढुंगा बन्न सक्ने देखिन्छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। कार्यक्षेत्रमा नयाँ जिम्मेवारी मिल्नेछ। | **तुला** : प्रेम र मित्रताको बन्धन कसिनेछ। वित्तीय र सहकारी संस्थाबाट लाभ मिल्ला। |
| **वृष** : मेसो नमिल्दा भनेजस्तो लाभ नमिल्ला। रोकिएका कार्य पुन: प्रारम्भ हुनेछन्। | **वृश्चिक** : गोपनीयताको ध्यान राख्नुहोला। स्वास्थ्यलाई लिएर सजग रहनुहोस्। |
| **मिथुन** : वादविवाद टुङ्गिन सक्लान्। सामाजिक क्रियाकलापमा रुचि बढ्नेछ। | **धनु** : सीनियर र जुनियर दुवैको सहयोग मिल्नेछ। व्यवसायमा लाभ रहनेछ। |
| **कर्कट** : सामाजिक समस्या सुल्झाउनमा समय बित्नेछ । यवसायमा प्रगति हुनेछ। | **मकर** : अरुकालागि बुद्धि र धन खर्च गर्नुपर्ला। आकस्मिक धन लाभका योग छन्। |
| **सिंह** : नयाँ लगानी लगाउने अवसर जुट्नेछ।नयाँ कार्यतर्फ अग्रसर भइनेछ। | **कुम्भ** : शुभचिन्तकहरूको साथ मिल्नेछ। जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। |
| **कन्या** : सन्तान पक्षबाट उपहार मिल्ला। रमाइलो यात्राले मन प्रसन्न रहनेछ। | **मिन** : दिगो लाभ हुने कार्य प्रारम्भ गर्न सकिनेछ। रोकिएका कार्य पुन: प्रारम्भ हुनेछन्। |

## कला मनोरञ्जन

# 'सतीदेवी' अमेरिकी फिल्म फेस्टिवल'मा छनोट




लक्ष्मण सुवेदी निर्देशित फिल्म 'सतीदेवी' अमेरिकाको 'इजिप्टियन अमेरिकी फिल्म फेस्टिभल'मा छनोट भएको छ । अमेरिकाको न्युर्योकमा ३१ अक्टोबरदेखि २ नोभेम्बरसम्म आयोजना हुने फेस्टिवलमा विश्वका थुप्रै देशका फिल्म पनि सहभागी छन् । आफ्नो फिल्म छनोमा पर्दा निकै खुसी लागेको निर्देशक सुवेदीले बताए । 'फेस्टिवलमा छनोट हुनु मिहिनेत सार्थक हुनु हो,' उनले भने, 'यो मेरो मात्र होइन, नेपालकै उपलब्धि हो ।' फिल्मले 'दक्षिण एसियाली चलचित्र महोत्सव २०८०'मा पनि नगदसहित पुरस्कार जितेको थियो, जहाँ निर्देशक सुवेदीले अवार्डसमेत प्राप्त गरेका थिए । 'सतीदेवी' नारीप्रधान फिल्म हो । फिल्मको केन्द्रीय भूमिकामा अभिनेत्री मल्लिका महत छिन् । फिल्ममा महतको अलवा रमेश बुढाथोकी, भोलाराज सापकोटा, कुलदीप अधिकारी, सन्दीपबाबु लोहनी सृजना अधिकारी, मनीषा सापकोटा, सुजिता शिवाकोटी लगायतको अभिनय छ । दिलाशा क्रियसन तथा गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा निर्माण भएको फिल्ममा निर्देशक सुवेदीकै कथा, पटकथा, संवाद छ । फिल्मको गीत पनि सुवेदी आफैले लेखेका हुन् । फिल्म नेपालमा गत वर्ष भदौमा प्रदर्शनमा आएको थियो ।

*-रातोपाटी डटकम*

# चलचित्र 'वरिष्ठ बलराम'लाई दर्शकको साथ




तिहारलाई लक्षित गर्दै भाइटीका अर्थात् यही कात्तिक ६ गतेदेखि नेपालभर प्रदर्शित चलचित्र 'वरिष्ठ बलराम' लाई दर्शकले रुचाएका छन् । प्रदर्शनको पहिलो दिन सबैजसो हल भरिएको र दर्शकबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको अभिनेता विजय बरालले जानकारी दिए । अभिनेता बराल र दयाहाङ राई, अभिनेत्री सम्वृद्धि बरालसहितका कलाकार टोलीले चलचित्र हेर्नआएका दर्शकमाझ साक्षात्कार गर्दै चलचित्रको सवल र दुर्वल पक्षका बारेमा जानकारी लिइरहेको देखिन्थ्यो । अभिनेता बरालले भने, 'टीकाको दिन भए पनि केही चलचित्र हल पुगेर दर्शकको प्रतिक्रिया लिएका छौँ । हामीले एउटा सामाजिक विषयलाई समेटेर मनोरञ्जनात्मक चलचित्र तयार गरेका हौँ । दर्शकले पनि सोही किसिमको प्रतिक्रिया दिनुभयो, दशर्कबाट प्राप्त सुझावले हाम्रो टोलीलाई ऊर्जासहित हौसला मिलेको छ, चलचित्रको सुरुआति दिन राम्रो छ ।' प्राकृतिक स्रोतको दोहन र समाजमा स्थापित एवं उदाउँदो व्यक्तिबीचको सैर्षको कथालाई 'माटो सुहाउँदो' भन्दै दर्शक दीर्घाबाट मनोरञ्जनसँगै सामाजिक सन्देश पनि समेटिएको प्रतिक्रिया प्राप्त भएको अभिनेता बरालले बताए । रङ्गमञ्चमा गुरूचेलाका रुपमा परिचित अभिनेता बराल र राईले उक्त चलचित्रमा समान्तर भूमिका निर्वाह गरेका छन् । यसअघिका चलचित्रमा भने अभिनेता राई मुख्य र बराल सहायक भूमिकामा देखिन्थे । चलचित्र 'वरिष्ठ बलराम'मा अभिनेताद्वय राई र बरालसँगै समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी र प्रदीपकुमार चौधरी (पिके) लगायत कलाकारले अभिनय गरेका छन् । यस चलचित्रलाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन् । निर्देशक पौडेलकै कथा र सम्पादन रहेको उक्त चलचित्रको पटकथा महेश दवाडीले तयार गरेका हुन् ।

*-डिसी नेपाल डटकम*

# मुस्ताङमा वर्षा र हिमपात : 'कबड्डी ५'को छायांकन अवरुद्ध






वर्षा र हिमपातले हिमालपारिको जिल्ला मुस्ताङमा भैरहेको फिल्म 'कबड्डी ५'को छायांकन अवरुद्ध बनेको छ । कार्यकारी निर्माता मणिराम पोखरेलका अनुसार मंगलबारदेखिको छायांकन तालिका रोकिएको छ । 'छायांकन सुचारु गर्नको लागि अब हामी मौसम सुधारको पर्खाइमा छौं' उनले भने । सोमबार रातीदेखि नै मुस्ताङमा वर्षा र हिमपात भैरहेको छ । बाँसुरी फिल्म्सले निर्माण गरिरहेको फिल्म 'कबड्डी ५'को छायांकन तल्लो मुस्ताङको लार्जुङ क्षेत्रमा भैरहेको छ । 'हाम्रो क्षेत्रमा हिमपात भन्दा पनि वर्षा भैरहेको छ' पोखरेलले भने । जिल्ला प्रशासन कार्यालय मुस्ताङले भारीदेखि हल्का हिमपात हुने उच्च सम्भावना रहेकाले सतर्कता अपनाउन, पदयात्रा नगर्न सूचनामार्फत आग्रह गरेको छ । आफूहरूले प्रशासनको आग्रहलाई पालना गरेको समेत पोखरेलले अनलाइनखबरलाई बताए । खराब मौसमले छायांकन प्रभावित बनेपछि निर्माता दबाबमा छन् । किनभने, २१ कात्तिकदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'जारी २' को प्रचारप्रसारको लागि कलाकार र निर्माता काठमाडौं आउनुपर्नेछ । यसका लागि यो साताभित्र छायांकन टुंग्याउनुपर्ने हुन्छ । कार्यकारी निर्माता पोखरेलले पनि जारीको दोस्रो श्रृंखलाको प्रवर्धनलाई अर्को साता काठमाडौं आउन लागेको जानकारी दिए । जल तथा मौसम विज्ञान विभागका अनुसार, बंगालको खाडीमा सक्रिय रहेको मोन्था चक्रवात शक्तिशाली भएर नेपाल हिमपात र वर्षा गराएको हो । शुक्रबारसम्म वर्षा र हिमपात हुने विभागको पूर्वानुमान छ ।

*-अनलाइन खबर डटकम*

# 'परान'ले घोषणा गऱ्यो 'मेरो परान' प्रतियोगिता




यही कात्तिक १४ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'परान'ले दर्शकको ध्यान आकर्षित गर्न नयाँ प्रचार अभियान सुरू गरेको छ । निर्माण पक्षले 'मेरो परान' नामक प्रतियोगिताको घोषणा गर्दै दर्शकलाई फिल्मसँग भावनात्मक रूपमा जोड्ने प्रयास गरेको हो । यो प्रतियोगिताको पुरस्कार राशि १ लाख रुपैयाँ राखिएको छ । यस प्रतियोगितामा सहभागी हुन इच्छुकले आफूले 'परान' ठानेको व्यक्तिसँगका तस्बिरहरू पोस्ट गर्दै क्याप्सनमा आृना मनका कुरासहित 'मेरो परान' लेखेर फिल्मको आधिकारिक फेसबुक पेजमा ट्याग गर्नुपर्नेछ । यसरी पोस्ट गर्नेमध्ये एक जनालाई 'लक्की ड्र'मार्फत विजेता घोषणा गरिने र एक सय जनालाई फिल्मको विशेष शोको टिकट उपलब्ध गराइने जनाइएको छ । 'मेरो परान' प्रतियोगिताको घोषणा गर्दै फिल्मको टिमले केही स्वयंसवकलाई क्यूआरसहित देशका विभिन्न ठाउँमा पनि पठाएको छ । निर्माता रञ्जित आचार्यका अनुसार क्यूआर स्क्यान गरेर फिल्मको ट्रेलर वा गीत सामाजिक सञ्जालमा सेयर गर्नेमध्ये ५० जनालाई कलाकारसँग बसेर फिल्म हेर्ने अवसर प्रदान गरिनेछ । दुवै प्रतियोगितामा कात्तिक २० गतेसम्म मात्र सहभागिता जनाउने पाइनेछ । दीपक प्रसाद आचार्य (काकु)को निर्देशनमा बनेको 'परान'मा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, अञ्जना बराइली, महेश त्रिपाठी, प्रविण खतिवडा, बुद्धि तामाङ, बबिन राई, दमन रुपाखेती, यमन श्रेष्ठ लगायतको अभिनय रहेको छ । शेखर गोल्छा र रञ्जित आचार्यको निर्माण रहेको यो फिल्म बाबु-छोराको सम्बन्धको कथामा आधारित छ ।

*-फिल्मी खबर डटकम*

# एकल गायनमा प्रस्तुत हुँदै अञ्जना गुरुङ



नेपाली सुगम संगीतको क्षेत्रका लागि लोकप्रिय नाम हो अञ्जना गुरुङ । गायिका अञ्जना गुरुङले विगत दुई दशकभन्दा लामो समयदेखि नेपाली गीतसंगीतका विभिन्न विधामा आफ्नो जादुमय स्वर प्रस्तुत गर्दै आइकी छन् साथै उनि चलचित्रको पार्श्वगायनमा पनि सफल गायिकाको रूपमा परिचिनिएकी छन् । यही कात्तिक २१ गते शुक्रबारका दिन काठमाडौंमा टीका गोपाल एम क्रियशनले गायिका गुरुङको एकल सांगीतिक कार्यक्रम-२०८२ आयोजना गर्ने भएको छ । उक्त दिन गायिका अञ्जना गुरुङका लोकप्रिय गीतहरूको प्रस्तुति हुने आायोजक टीका गोपाल एम क्रियशनका अध्यक्ष गीता सिंहले बताइन् । गायिका गुरुङका 'आँखैमा राख्छु मेरो देश, म त काली सुन्दरी, बदनाम भए म तिम्रै कारणले, आँधी सारी तिम्रो माया, ठ्याक्कै भेटौंला, नजर नजरको, जसले मुटु चुडेर लग्यो, माईला रोधी घरमा (कौडा), मान चाहे नमान तिमी मेरो हौ' लगायत सयौं गीत श्रोता/दर्शकले औधि रुचाएका छन् । सादगीपूर्ण व्यक्तित्व, सालिन र भद्र स्वभावकी गायिका गुरुङको आफ्नो छुट्टै जादुमय स्वरका कारणले उनिले नेपाली सांगीतिक क्षेत्रमा आफ्नो छुट्टै स्थान राख्न सफल छिन् । गायिका अञ्जनाको एकल सांगीतिक कार्यक्रम केवल मनोरञ्जनको अवसरमात्र पनि नभएर, नेपाली संगीतप्रति र गयिका गुरुङप्रति कृतज्ञता प्रकट गर्ने एउटा मञ्च पनि रहेको आयोजकको भनाइ छ । गायिका गुरुङको एकल सांगीतिक कार्यक्रम-२०८२ को विशेष अवसर पारेर गायिका गुरुङको संरक्षकत्व तथा नेपाली सांगीतिक क्षेत्रका सुप्रसिद्ध गायन जोडी कन्हैया सिंह परियार र अञ्जना गुरुङद्वारा स्थापना गरिएको 'कन्हैया-अञ्जना राष्ट्रिय संगीत पुरस्कार-२०८२' लाई पनि सोही समारोहमा प्रदान गरिने भएको छ । नगद एकाउन्न हजारको पुरस्कार राशी रहेको उक्त पुरस्कार यसवर्ष वरिष्ठ गायक कमल विक 'निर्मोही'लाई प्रदान गरिने भएको छ । नेपाली गीतहरूलाई सम्वर्द्धन तथा प्रवर्द्धन गर्नका लागि विगत लामो समयदेखि सक्रिय रहनुभएका कमल मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्रका मौलिक भाकाका गीतहरूलाई नेपाली श्रोता तथा दर्शक माझ प्रस्तुत गर्दै आइरहनु भएको छ । गायक नर्मोही पछिल्लो समय मृगौला रोगबाट पीडित छिन् । यसअघि 'कन्हैया-अञ्जना राष्ट्रिय संगीत पुरस्कार' बाट वरिष्ठ गायिका चन्द्रकला शाह (२०७८), वरिष्ठ गीतकार विश्व बल्लभ (२०७९), वरिष्ठ बाध्यवादक कृष्ण गन्धर्व (२०८०) र वरिष्ठ लोकगायक रेशम थापा (२०८१) सम्मानित एवं पुरस्कृत भइसकेकी छन् ।

*-इहिमालय टाइम्स डटकम*

# पोखराथोक साहित्य संगमले मनायो रजत जयन्ती



**पाल्पा,** कार्तिक ११/जिल्लाको साहित्यिक क्षेत्रमा सक्रिय पोखराथोक साहित्य संगमले रजत जयन्ती मनाएको छ ’ संगमले एक औपचारिक कार्यक्रम गरी रजत जयन्ती मनाएको हो ’

कार्यक्रमको बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी दर्लामीले उद्घाटन गरेकी हुन् ’ कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि चिदीले नेपाली साहित्य क्षेत्रमा संगमले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताईन् ’ उनले बगनासकालीभित्रका साहित्यकार गाउँपालिकाको गहना रहेको जनाउँदै स्थानीय सरकारले भाषा, कला, साहित्यको विकासको लागि निरन्तर सहयोग, समन्वय र सहकार्य गर्दै आएको जानकारी समेत गराइन् ’ अध्यक्ष चिदीले साहित्यमा नयाँ पुस्तालाई आकर्षण र प्रोत्साहन गर्न सकेमा साहित्यले पुस्तान्तरण गर्ने र नयाँ सर्जकको सक्रियता बढ्ने विश्वास व्यक्त गरिन्’ कार्यक्रममा गाउँपालिका उपाध्यक्ष हरिप्रसाद पाठक, साहित्यकारहरु रामप्रसाद अर्याल, केशवराज अमोदी, डा. घनश्याम न्यौपाने, पुष्कर अथक रेग्मी, राजेन्द्र गोपाल सिंह, कृष्णप्रसाद कोइराला, सकुन्तला पौडेल, डा.कृष्णराज डि.सी., शशी पन्थी, विश्वनाथ गैरे लगायतले समाजलाई सहि दिशा निर्देश गर्न साहित्यको महत्त्वपूर्ण भूमिका र योगदान रहेकोमा जोड दिएका थिए ’ सोही अवसमा संगमले रजत जयन्ती विशेषाङ्ग ‘बाटिका’ को २४ औं अंक सार्वजनिक, दुई दर्जन श्रष्टा, साहित्यकार तथा अक्षयकोष दातालाई सम्मान समेत गरेको थियो ’ साहित्यको क्षेत्रमा महत्वपूर्ण कार्य गर्दै आएका १२ श्रष्टा र १४ जना आजीवन सदस्य तथा अक्षयकोष दाता गरी २६ जनालाई संगमले सम्मान पत्र, दोसल्लासहित सम्मान गरेको हो’ सम्मानित श्रष्टामा डा.घनश्याम न्यौपाने (नवलपरासी), गंगानाथ कोइराला (दाङ), कृष्ण प्रसाद कोइराल (रुपन्देही), केशवराज अमोदी (चितवन), विजय गोविन्द श्रेष्ठ ( रुपन्देही), भोजराज भट्टराई (पाल्पा), सकुन्तला ज्ञवाली (कपिलवस्तु), गोपाल प्रसाद बस्याल (पाल्पा), विश्वनाथ रेग्मी, हरिप्रसाद भट्टराई, शंकर नेपाल (पाल्पा) रहेका छन्’ सम्मानित स्रष्टाहरूलाई प्रमुख अतिथि सरस्वती चिदी दर्लामी, संगमका अध्यक्ष गोविन्द खनाल, बगनासकाली गाउँपालिका उपाध्यक्ष हरिप्रसाद पाठक, नेपाली लेखक संघका केन्द्रीय सल्लाहकार डा. कृष्णराज डि.सी लगायतले सम्मान पत्र प्रदान गरेका थिए ’ सम्मानित श्रष्टाहरूले पोखराथोक साहित्य संगमले पाल्पाको पहिचान बढाउँदै श्रष्टा सम्मानलाई निरन्तरता दिएकोमा संस्थाप्रति धन्यवाद ज्ञापन गरे ’ कार्यक्रममा पाल्पा, स्याङ्जा, रुपन्देही, गुल्मी, कपिलवस्तु, दाङ, चितवन, नवलपरासीबाट १०० जनाभन्दा बढी श्रष्टा साहित्यकारहरूको उपस्थिति रहेको थियो’ संगमका अध्यक्ष गोविन्द खनालले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष अग्नीराज न्यौपानेले ९ लाख ५७ हजार ८ सय ८२ रुपैयाँको आय-व्यय प्रतिवेदन प्रस्तुत गरेका थिए’ संगमको रजत जयन्ती विशेषाङ्कको साहित्यकार रामप्रसाद अर्याललले समीक्षा गरेका थिए’ संगमका अध्यक्ष गोविन्द खनालको अध्यक्षता, सह-सचिव गीता रेग्मीको सञ्चालनमा कार्यक्रम भएको थियो’ वि.सं. २०५७ असोज १२ गते बगनासकाली-२ पोखराथोकमा संगमको स्थापना भएको हो’ ।

## खेलकुद समाचार

# नेपालले भारतलाई २ गोलले हरायो



**काठमाडौं,** कात्तिक ११/त्रिदेशीय अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल प्रतियोगितामा नेपालले भारतलाई २-१ अन्तरले हराएको छ । नेपालको जितमा दुबै गोल कप्तान तथा स्ट्राइकर सावित्रा भण्डारी (साम्बा) ले गरिन् । भारतको लागि करिश्मा पुरूषोत्तम सिरभोएकरले १ गोल गरिन् । सिलोङको जवाहरलाल नेहरू रंगशालामा भएको खेलको दोस्रो मिनेटमा साम्बाले उत्कृष्ट गोल गरिन् । नेपालले सुरुमै १-० को अग्रता बनायो । पहिलो हाफ १-० को नतिजामा सकियो । दोस्रो हाफपछि नेपालले ६३औं मिनेटमा फेरि गोल गर्‍यो । साम्बाले हानेको फ्रि-किक गोलमा परिणत भयो । साम्बाको यो ६६औं अन्तर्राष्ट्रिय गोल हो । खेलको ८१औं मिनेटमा भारतले एक गोल फर्कायो । त्यसपछि दुवैतर्फबाट थप गोल भएन् । नेपाल २-१ को जित हात पान सफल रह्यो । नेपालले भारतलाई हराएको यो चौथो पटक हो । यसअघि इरानले नेपाललाई ३-० र भारतलाई २-० ले हराएको थियो । अब नेपालले बिहीवार सिक्किममा भारतसँग मैत्रिपूर्ण खेल खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# घट्यो सुनको भाउ



**पाल्पा,** कार्तिक ११/लगातार बढ्दो रहेको सुनको मूल्य पछिल्लो केही दिन यता निरन्तर घट्दो क्रममा रहेको छ । अन्तर्राष्ट्रिय बजारमा भाउ घटेसँगै नेपाली बजारमा पनि पछिल्लो तीन दिनयता सुनको मूल्यमा निरन्तर गिरावट देखिएको हो ।

गत आइतबार एकैदिन प्रतितोला ११ हजार ६ सय रुपैयाँले घटेर २ लाख ४१ हजार ९ सय कायम भएको सुनको मूल्य सोमबार पुनः तोलामा २ हजार घटेर २ लाख ३९ हजार ९०० मा किनबेच भएको थियो । मंगलबार फेरि प्रतितोला २ हजार ९ सय घटेपछि २ लाख ३७ हजारमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । तिहार यता मात्रै सुन प्रतितोला १६ हजार पाँच सय रूपैयाँले घटिसकेको छ । सोमबार बेलुका अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य प्रतिऔंस तीन प्रतिशतसम्म घटेको थियो । अहिले भने सुन प्रतिऔंस तीन हजार नौ सय ७५ डलरमा कारोबार भइरहेको छ । यसअघि सुन प्रतिऔंस चार हजार चार सय डलरसम्म पुगेर ऐतिहासिक उचाई बनाएको थियो । मंगलबार चाँदी पनि तोलामा ६० रूपैयाँले घटेर दुई हजार नौ सय २० रूपैयाँमा कारोबार भइरहेको छ ।

**सुनमा व्यवसायीहरु आकर्षित**

पछिल्लो समय लगानीका लागि सुरक्षित मानिने सुनमा व्यवसायीहरु समेत आकर्षित भइरहेका छन् । त्यही कारण नेपालमासमेत सुनको आयात बढेको छ । गत आर्थिक वर्षको तीन महिनामा सय किलो सुन आयात हुँदा चालु आर्थिक वर्षको सोही अवधिमा ६ सय किलो सुन आयात भएको भन्सार विभागको तथ्यांक छ । विभागका अनुसार १० अर्ब २५ करोड ३२ लाख रुपैयाँ बराबरको ६ सय १ किलो सुन आयात भएको छ । यसबाट सरकारले १ अर्ब २ करोड ५३ लाख रुपैयाँ राजस्व उठाएको विभागको तथ्यांक छ । गत आर्थिक वर्षको तीन महिनामा १ अर्ब ४ करोड ३२ लाख रुपैयाँको १ सय किलो सुन आयात भएको थियो । वाणिज्य बैंकहरुले काँचो सुन आयात गर्छन् भने व्यवसायीहरुले उक्त सुन खरिद गरी गरगहना बनाई बेच्रुने गर्छन् । गत असोजमा राष्ट्र बैंकले सुनको आयात कोटा दैनिक ५ किलो बढाइदिएको थियो । ‘आयात गर्न सकिने सुनको दैनिक परिमाण २० किलोलाई २५ किलोग्राम कायम गरिएको छ,’ राष्ट्र बैंकले भनेको छ । विभागका अनुसार गत आर्थिक वर्षको तीन महिनामा १४ करोड ७३ लाख रुपैयाँको सुनका गरगहना आयात भएको थियो ।

# किबीखेतीप्रति गुल्मीका...

...किबीले खेती गरेको तीन वर्षबाटै उत्पादन दिन थालेपछि थापालाई किबीखेती गर्ने उत्प्रेरणा जागेको हो । उनको बारीमा एउटै बोटमा ५० देखि एक क्विन्टलसम्म किबी फल्ने गरेको छ । बारीमा अहिले १५० वटा किबीका बोट छन् ।

सुरुमा थापाले तार, पाइप र खम्बा बनाउनका लागि रु आठ लाख खर्चेर व्यावसायिक रुपमा किबीखेती गर्न सुरु गरेका हुन् । “त्यही लगानीले अहिलेसम्म काम गरेको छ, यो बहुवर्षीय भएका कारण एकपटक लगाएपछि ५० वर्षसम्म आम्दानी लिन सकिन्छ, त्यसैले यसैमा रमाएको छु”, उनले भने । किबीमा अन्य जातका फलफूलमा भन्दा रोग खासै नलाग्ने भएको उनले बताए । “वर्षमा दुई पटक हाँगाहरु काँटछाँट गर्नुपर्छ, गोठेमल मात्र प्रयोग गर्दै आएको छु, त्यसैअनुसार उत्पादन पनि राम्रो हुँदै गएको छ”, थापाले भने । उत्पादित किबी बजारमा रु २०० देखि ३०० सम्ममा बिक्री भइरहेको छ । भार्सेको किबी स्थानीय बजारदेखि पाल्पा र बुटवलसम्म पुग्ने गर्दछ । उनले किबीलाई प्रशोधन गरेर गत वर्षदेखि किबीको वाइन बनाउन सुरु गरेका छन् ।

बजारमा किबीको वाइनको राम्रो माग भएको थापाले बताए । किबी बिक्री गर्न बजारको खासै समस्या नभएको थापाको भनाइ छ । उनले पाँच वर्षदेखि किबीको नर्सरीसमेत गर्दै आएका छन् । उनको नर्सरीमा यतिबेला आठ हजार किबीका नयाँ बिरुवा छन् । एउटा बिरुवालाई रु १५० देखि २०० सम्म पर्ने गर्दछ । सत्यवती गाउँपालिकाले भार्से गाउँलाई किबीको पकेटक्षेत्र घोषणा गरी कृषकलाई उत्प्रेरित गर्दै आएको छ । किबीखेती विस्तारका लागि पालिकाबाट प्राविधिक सहयोगदेखि आवश्यकताअनुसारको तालिम, टनेल, नर्सरी तथा विरुवामा अनुदान उपलब्ध गराउँदै आएको सत्यवती गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेले बताए । किबीका अन्य जातमध्येमा गोल्डेन र रेड किबी सबैभन्दा राम्रो मानिन्छ । यसको मूल्य अन्य जातको किबीकोभन्दा रु एक सय बढी पर्दछ । यस पटक गोल्डेन किबीले राम्रो मूल्य पाएको छ । भार्सेमा पाँच वटा किबी समूह रहेका छन् । उक्त समूहमा हाल ८० जना कृष आबद्ध छन् । त्यहाँका कृषकको घरमा दशदेखि एक सय ५० बोटसम्म किबीका बोट छन् । उक्त क्षेत्रमा अहिले ४० हेक्टर क्षेत्रफलमा किबी उत्पादन हुँदै आएको छ ।

*-रासस*


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१



मनको आवाज..............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१८६४, ५२१८६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com

डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई